प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८०/१०/१९ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु

१. संघीय समपुरक र विशेष अनुदान तर्फका योजना माग सम्बन्धमा ।
२. नेपाल पर्यटन बोर्ड तर्फको कार्यक्रम माग सम्बन्धमा ।
३. योजना संसोधन सम्बन्धमा ।
४. आन्तरिक आय फिर्ता तर्फका योजना स्वीकृत गर्ने सम्बन्धमा ।
५. विभिन्न कार्यविधि सम्बन्धमा ।
६. अख्तियार दुरुपयोग अनुसन्धान आयोग सम्बन्धमा ।
७. एम्बुलेन्स खरिद सम्बन्धमा ।
८. विविध सम्बन्धमा ।

बैठकका निर्णयहरु

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि संघीय समपुरक अनुदान तथा विशेष अनुदान अर्न्तगत सञ्चालन गरिने आयोजनाहरुको लागि प्रस्ताव आव्हान गरेको सन्दर्भमा यस नगरपालिकाका तपशिल बमोजिमका योजनाहरु संघीय समपुरक तथा विषेश अनुदान तर्फ माग गर्ने निर्णय गरियो ।

संघीय समपुरक अनुदान तर्फ माग गर्ने योजनाहरु

(क) देउराली दमार ढुङ्गेसेरा मौवाबारी खयरभट्टी बनकसबास सडक स्तरोन्नती रु १ करोड

(ख) बहखोर लौरी बसेनी आपचौर बढीदमार सडक स्तरोन्नती लागि रु १ करोड

(ग) डोहोटे भंगाला सडक स्तरोन्नतीको लागि रु १ करोड

(घ) वनगाई भर्लावास मुसियान ढाव सडक स्तारोन्नतीको लागि रु १ करोड

(ङ) पाणिनी सुवर्णखाल जुकेना भालुवाङ्ग सडक स्तरोन्नतीको लागि रु १ करोड

विषेश अनुदान तर्फ माग गर्ने योजनाहरु

(क) डमरुदह स्तरोन्नती कार्य शिनपा ३ को लागि रु १ करोड

(ख) चाक्ला जुकेना ठुलाढुङ्गे दुर्वाङ्ग वरौला सडक स्तरोन्नतीको लागि रु १ करोड

(ग) मुलावारी टोडकी कचरे साउनेथुम पद मार्ग निर्माण रु १ करोड

(घ) डम्पीङ्ग साईड व्यवस्थापन वडा नं. ४ र १० रु १ करोड

(ङ) कृष्णसेन इच्छुक स्मृती पार्क निर्माण शिनपा ८ रु १ करोड

निर्णय नं. २

नेपाल पर्यटन वोर्डको च. नं ४ प.स.वि २०८०।०८१/१५ मिति २०८०।८।१५ को पत्रानुसार तालिम संचालन अर्न्तगत यस नगरपालिका वडा नं १३ र १४ मा एकिकृत भाटगाउँ पर्यटन विकास तथा होमस्टे तालिमको लागि रु ५०००००। (पाँच लाख) विनियोजन भई आएकोमा कूल लागतको कम्तिमा २० प्रतिशत आवश्यक पर्ने म्याचिङ वापतको वजेटको सुनिश्चता गरी कार्यक्रम अगाडी वढाउने निर्णय गरियो ।

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आ.व.मा कार्यान्वयन हुने गरी तेह्रौं नगरसभाबाट स्वीकृत योजना तथा कार्यक्रम कुनै विशेष कारणले संसोधन गर्नु पर्ने अवस्था रहेको भए चौधौ नगरसभाबाट स्वीकृत गराउने प्रयोजनका लागि आगामी कार्यपालिका बैठकमा पेश गरी सभामा लैजाने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ.व.मा आय फिर्ता शिर्षकमा विनियोजित रु १५०००००। बाट गत आ.व.मा आय ठेक्काबाट राजस्वमा योगदान गरेका तपशिलका वडाहरुलाई प्रभावित क्षेत्रको विकासको लागि तपशिल वमोजिमको योजना तथा कार्यक्रम संचालनको लागि वजेट विनियोजन गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि. नं | वडाहरु | बजेट रकम रु |
|---|---|---|
| १ | सिमलगैरा खानेपानी मोटर तथा पाईप खरिद शिनपा ८ | ४५००० |
| २ | बडीदमार डम्रेखर्क आपचौर दक्सु र लोप्रे मो.वा. मर्मत शिनपा ८ | २००००० |
| ३ | खरेला खोला फड्के पुल निर्माण शिनपा ८ | २३०००० |
| ४ | नयाँवस्ती सामुदायिक भवन निर्माण शिनपा ९ | २५०००० |
| ५ | रागाकाटे सार्वजनिक शौचालय निर्माण शिनपा ९ | ११८००० |
| ६ | खयरभट्टी वडा कार्यालय जाने मो.वा. स्तरोन्नती कार्य शिनपा ११ | २१४००० |
| ७ | कोन्द्रेखोला निकास क्षेत्र जाली भर्ने कार्य शिनपा १२ | १३२००० |
| ८ | वाङ्गेसाल देखि मुसियान खोला वस विसौनी सम्म मो.वा. स्तरोन्नती शिनपा १३ | ११३००० |
| ६ | वडा कार्यालय परिसर निर्माण तथा करेचुली मोटरबाटो सोलिङ्ग कार्य शिनपा १४ | १९६००० |
| | जम्मा | १४९८००० |

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापन कार्यविधि २०८० र निजी वन विकास तथा व्यवस्थापन कार्यविधि २०८० का सन्दर्भमा थप अध्ययन गरी अर्को कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २७४ मिति २०८०/०७/२२, च.नं.२५१ मिति २०८०/९/२२, ३३९ मिति २०८०/९/८, च.नं.४१७ मिति २०८०/१०/१५ का पत्रसाथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्र संलग्न राखी सुझाव

प्रमाणित प्रमुख प्रशासकीय अधिकृत

कार्यान्वयनको लागि भनि लेखि आएका पत्रहरु आजको बैठकमा छलफल भयो । प्राप्त सुझावलाई मध्यनजर गर्दै उक्त सुझावहरुको सबैले पालन गरी सोही बमोजिम गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. ७

यस नगरपालिका अर्न्तगत ठाडा प्राथमिक स्वास्थ्य केन्द्रको लागि एम्बुलेन्स नभएकोले हाल जुकेना स्वास्थ्य चौकीको एम्बुलेन्स मार्फत सेवा उपलब्ध हुदै आएको छ । भौगोलिक रुपमा नेपालकै ठूलो भुगोल भएको यस नगरपालिकाका नगरवासी लगायत छिमेकी जिल्ला प्यूठान तथा सन्धिखर्क नगरपालिका र भुमिकास्थान नगरपालिकाको केही भेगका जनता समेत यस ठाडा प्राथमिक स्वास्थ्य केन्द्रमा उपचारको लागि आउने गरेको अवस्था छ । ठूलो भुगोल भएकोले करिव ५० कि.मी टाढा देखि विरामीहरु ल्याउनु पर्ने अवस्थामा ठूलो भुगोलका कारण एम्बुलेन्स व्यवस्थापन गर्ने नीति अनुसार कार्यविधि बनाई क्लस्टरको रुपमा विभाजन गरी सकेसम्म सहज रुपमा एम्बुलेन्स सेवा उपलब्ध गराउन प्राथमिक स्वास्थ्य केन्द्र ठाडामा एम्बुलेन्स नभएकोले नगरपालिकाले खरिद गरी उपलब्ध गराउने प्रयोजनका लागि नगरसभाबाट चालु आ.व.मा एम्बुलेन्स खरिद संचालन र व्यवस्थापन खर्च भनि रु २५०००००।- विनियोजन गरेको अवस्था छ । उक्त प्राथमिक स्वास्थ्य केन्द्रको लागि यस नगरपालिकाले भन्सार छुटमा एम्बुलेन्स खरिद गरी हस्तान्तरण गर्ने योजना अनुसार कार्य अगाडी बढाईएको छ । यस नगरपालिका र ठाडा प्राथमिक स्वास्थ्य केन्द्रले हाल सम्म भन्सार छुटमा एम्बुलेन्स खरिद नगरेकोले भन्सार छुटमा एम्बुलेन्स खरिदको लागि सम्बन्धित निकायमा सिफारिस गरिदिन जिल्ला तथा प्रदेश एम्बुलेन्स व्यवस्थापन समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरु माथि छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

तपशिल

(क) यस शितगंगा नगरपालिका वडा नं. १२ जयकोट देउराली चिसापानी नेवारे खा.पा. योजना (लिफ्ट) लाई सुवर्णखाल सितापुर ठाडा सिमलपानी खा.पा. आयोजनामा समावेस गरी कार्यान्वयनको लागि संघीय खानेपानी कार्यालय सन्धिखर्क अ.खा. लाई सिफारिस गर्ने ।

(ख) यस नगरपालिकामा हाल सम्म दमकल नभएकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा एक थान दमकल उपलब्ध गराई दिन अनुरोध गर्ने । सो कार्यको लागि आवश्यक समन्वय समेत गर्न यस नगरपालिका वडा नं. ११ का वडा अध्यक्ष श्री नवराज भुसाललाई जिम्मा दिने ।

(ग) यस नगरपालिकाको वडा नं. ११ मा भूमिहिन दलित र भूमिहिन सुकुम्वासी २० जना लाभग्राहीहरुको २०८०/१०/२२ गते देखि नापनक्सा सुरु गर्ने ।

(ग) चालु आ.व.मा कार्यान्वयन भई रहेको सडक वोर्ड नेपालको कार्यक्रम आगामी आ.व.मा खयरभट्टी फोर्सल सुपारीनेटा बाँके हर्रे (सहिद तारा तेज स्मृती मार्ग) सडकमा कार्य गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

(घ) कपिलवस्तु साझेदारी वन व्यवस्थापन समिति शिवराज न.पा. ४ को च.नं. ४८ मिति २०८०/१०/१० को पत्रबाट कपिलवस्तु साझेदारी वन व्यवस्थापन समितिको गठनका लागि १ जना निर्वाचित जनप्रतिनिधि तोकी पठाई दिन भनि लेखि आएकोमा उक्त समितिमा यस नगरपालिकाको तर्फबाट वडा नं ११ का वडा अध्यक्ष श्री नवराज भुसाललाई तोक्ने ।

(ङ) यस नगरपालिकाको वडा नं ७ द्वारे र प्यूठानको सरुमारानी गा.पा. वडा नं १ टाकुरा जोड्ने राप्ती नदिमा झोलुङ्गे पुल नहुदा विद्यालय जाने बालबालिका लगायत जनतालाई निक्कै समस्या परेकोले शिनपा ७ द्वारे र सरुमारानी गा.पा. १ टाकुरा जोड्ने राप्ती नदिमा लामो दुरीको झोलुङ्गे पुल निर्माणका लागि झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रममा समावेश गरि दिन सम्बन्धित निकायमा माग गर्ने ।

(च) यस नगरपालिका वडा नं. ३ मा पर्ने पोखेडाँडा पदमे हुदै कोल पखेरे जाने मोटर बाटो साघुरो घुम्ती र ग्रेड पनि नमिलेको कारण साना गाडी आवत जावतमा निक्कै समस्या भएको र दैनिक उपभोग गर्ने बस्तु देखि बिरामी पर्दा समेत बाटोको कारणले धेरै समस्या भोग्नु परिरहेको हुँदा आवश्यक पर्ने घुम्ती र ग्रेड सुधार गरी दिन भनि समितिका अध्यक्ष तथा सचिवले संयुक्त निवेदन दिएकोमा यस कार्यालय मार्फत चालु आ.व.मा कार्य हुन लागेको ठाडा अमराई जुकेना देउराली ऐरावती सडक (पतञ्जली मार्ग) को ठेक्का स्वीकृत भई स्तरोन्नतीको लागि सम्झौता गरेको एम आर बिल्र्डस प्रा.लि.ले पोखेडाँडा पदमे मुस्लेघाट पखेरे मो.बा.मा आवश्यक ठाउँमा कटिङ्ग गरी बाटो सुधार गरिदिने र सो गर्दा निस्कने ढुङ्गा मिस्कट नियमानुसारको राजश्व बुझाई नगरपालिकासँग सम्झौता गरी स्तरोन्नती गर्न लागेको सडकमा प्रयोग गर्न अनुमती पाउँ भनि निवेदन दिएको सन्दर्भमा छलफल भयो । समितिको निवेदन अनुसार यस कार्यलयका प्राविधिकले स्थलगत निरिक्षण गरी मोड सुधार तथा ग्रेड मिलानको लागि पोखेडाँडा पदमे कोल पखेरे मोटर बाटोमा लाईन दिने । दिएको लाईन अनुसारको मोड कटिङ्ग र ग्रेड सुधार कार्य प्राविधिक कर्मचारी तथा समितिका अध्यक्षको रेखदेखमा निःशुल्क गर्न र सो गर्दा निस्कने ढुङ्गा मिस्कट यसै कार्यालयको रकमबाट स्तरोन्नती हुने ठाडा अमराई जुकेना देउराली ऐरावती सडक (पतञ्जली मार्ग) मा मात्र प्रयोग गर्ने गरी गर्न एम आर बिल्डर्स प्रा.लि.लाई अनुमती दिने । साथै पतञ्जली मार्ग स्तरोन्नती कार्यको लागि सम्झौता गरेको एम आर बिल्डर्स प्रा.लि.लाई सो सडकको सम्झौता बमोजिमको कार्यको रनिङ्ग बिल वा सम्पन्न गरी यस कार्यालयबाट भुक्तानी गर्दा बाटोमा प्रयोग भएजती स्थानीय निर्माण सामाग्री ढुङ्गा मिस्कटको रोयल्टी बापतको रकम प्राविधिक मुल्याङ्कनका आधारमा कट्टा गरेर मात्र भुक्तानी दिने ।

(छ) शितगंगा नगरपालिका वडा नं. १२ पिरापानी निवासी डोलाराम खनालको छोरा टिकाराम खनालले बुवा डोलाराम खनालको नाममा सोही स्थानमा रहेको कि.नं.२५२१ र ६८१ क्षेत्रफल ७९०० र १५२५ को जग्गामा माटो उत्खनन् गरी खेत बनाउन र निस्कने माटो नियमानुसार रोयल्टी बुझाई निकासी गर्न अनुमती पाउँ भनि बुवाको मृत्यु दर्ता प्रमाण पत्र नागरिकताको प्रमाण पत्र, वडाको सिफारिस, दाजुभई तथा सघियारहरुको सहमतीको कागज संलग्न राखी निवेदन दिएकोमा हाललाई २० रोपनी भन्दा बढी क्षेत्रफलमा कार्य नगर्ने गरी जग्गा सम्माई खोतीयोग्य बनाउन अनुमती दिने र नियमानुसारको रोयल्टी बुझाई खेतीयोग्य जग्गा बनाउदा निस्कने माटो निकासी गर्न अनुमती दिने ।